गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को मासिक प्रकाशन

# एनआरएन पत्र

अंक १ वैशाख/जेठ २०७५

May 2018, Issue 1



# सरकारले गैरआवासीय नेपालीको ज्ञान, सीप, पूँजी उपयोग गर्ने

सरकारले २०७५/७६ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा गैरआवासीय नेपालीलाई पनि समेटेको छ । गैरआवासीय नेपालीहरूलाई नेपालमा आफ्नो ज्ञान, सीप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिनेछ नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । नीति तथा कार्यक्रमको बुँदा नं. २४ मा भनिएको छ, 'यो सरकारले कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र सहरी विकासलाई आर्थिक वृद्धिको संवाहको रूपमा पहिचान गरेको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यी क्षेत्रमा केन्द्रित गरिनेछ वैदेशिक लगानी तथा विकास साझेदारबाट प्राप्त स्रोतलाई यी क्षेत्रमा परिचालन गरिनेछ । गैरआवासीय नेपालीहरूलाई नेपालमा आफ्नो ज्ञान, सीप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिनेछ ।'

# संविधानमा गैरआवासीय नेपाली नागरिताको व्यवस्थाप्रति पूर्ण समर्थन छः मन्त्री लालबाबु पण्डित

गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टको नेतृत्वको पदाधिकारीहरू सम्मिलित एक प्रतिनिधि मण्डलले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितसँग भेटघाट गरेको छ । भेटका क्रममा मन्त्री पण्डितले आफू गैरआवासीय नेपालीहरूलाई नेपालको विकासमा सहभागी गराउने पक्षमा सकारात्मक रहेको बताउनुभयो । उहाँले संविधानमा उल्लेख भएको गैरआवासीय नेपाली नागरिकताको व्यवस्थामा आफ्नो पूर्ण समर्थन रहेको र कानुन निर्माण गरी छिट्टै कार्यान्वयन गर्नेबताउनुभयो । भेटमा संघका अध्यक्ष लगायत पदाधिकारीहरूले माननीय लालबाबु पण्डितलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पदभार सम्हाल्नु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै उँहालाई खादा ओढाइ सम्मान गरेका थिए । संघका अध्यक्षले मुलुकको समृद्धि बिना व्यक्तिको समृद्धिको खासै अर्थ नरहने तथ्यलाई मध्यनजर गरेर समृद्ध नेपालको निर्माणको अभियानमा होमिएका गैरआवासीय नेपालीहरूलाई नेपालको विकासमा साझेदारको रूपमा सहभागी गराउन आग्रह गर्नुभयो । नेपालको नयाँ संविधानले गैरआवासीय नेपालीहरूलाई आर्थिक, सामाजिक अधिकारसहितको गैरआवासीय नेपाली नागरिकताको प्रावधान राखेकोमा कानुन बनाएर यस्तो नागरिकता दिने व्यवस्थाका लागि सहयोग गर्न अनुरोध गर्नुभयो । संघका उपाध्यक्ष कूल आचार्यले विदेशमा बस्ने नेपालीहरूलाई भूपू नेपालीको रूपमा नसोचिदिन आग्रह गर्नुभयो । उहाँले विदेशमा आर्जन गरेको सीप र ज्ञानलाई नेपालमा सदुपयोग गर्ने उचित वातावरण निर्माणका लागि सरकारसँग पहल गरिदिन हुन आग्रह गर्नुभयो । संघका सह - कोषाध्यक्ष सोम सापकोटाले विभिन्न मुलुकमा वैदेशिक रोजगार तथा अन्य पेशा र रोजगारीमा रहेका नेपालीहरूको सीप श्रोत र साधनको प्रयोग तथा सदुपयोग गरी नेपालको समृद्धिमा उनीहरूलाई सहभागि गराउन आग्रह गर्नुभयो ।





# हामी 'गुणात्मक विकास' को चरणमा छौँ

– महासचिव डा. बद्री केसी

**संस्थागत विकास के कसरी अघि बढीरहेको छ ?**

वास्तवमा अहिले हामी विश्वका लगभग ८० वटा देशमा पुगिसकेका छौं । नेपालीहरू पुगेका वा भनौं अलि धेरै भएका देशहरूमा सबै ठाउँमा हाम्रो उपस्थिती रहेको छ र नेपालीहरू अलि कम पुगेको भनेको दक्षिण अमेरिकी मुलकहरूमा मात्रै हो। हाम्रो अहिलेको मुख्य जोड भनेको संख्यात्मक विकासलाई भन्दा पनि गुणात्मक विकासलाई ध्यान दिनु पनि हो । र यही विषयमा गम्भीर रूपमा हामी लागेका पनि छौं । जस्तै ८० वटा देशमा राष्ट्रिय समन्वय समिति भएपनि ती सबैले हाम्रो ग्लोबल सम्मेलनमा भाग लिन सकेनन् करीब १७ वटा देशमा रहेका समितिहरूले राष्ट्रिय महाअधिवेशन सकेर अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन सकेनन् त्यसैले पनि ती देशहरूलाई पनि सक्रिय बनाउने लक्ष्य हाम्रो छ । त्यही अनुरूप नै हामी गुणात्मक विकासका लागि काम गरिरहेका छौं ।

**सदस्यता वृद्धिका लागि के-कस्ता कदम चालिएका छन् ?**

अहिले मैले भन्नुपर्दा यतिबेला हाम्रो सदस्यता पनि निकै न्यून छ । लाखौं नेपाली रहेको देशमा पनि सदस्यता लिनेको संख्या भने २/३ हजार को हाराहारीमा रहेको छ । ५० औं लाखको संख्यामा नेपाली बाहिर रहेका छन् तर सदस्यता लिनेको संख्या ७० हजारको संख्यामा मात्रै रहेका छन् । त्यसैले पनि अबको योजनामा सदस्यतालाई वृद्धि गर्न केन्द्रबाटै सदस्यता र आईडी कार्ड पनि दिने तयारी छ । र म के पनि जानकारी गराउन चाहन्छु भने अब आइडी कार्ड दिँदा पनि त्यो कार्डबाट केही सहुलियत र सुविधा लिन सकिने गरी व्यवस्था गर्ने भन्ने विषयमा हामीले छलफल गरिरहेका छौं । जस्तै कार्ड भएकालाई ट्राभल गर्दा केही प्रतिशत छुट दिने लगायतका विषयमा हामीले गृहकार्य थालिसकेका छौं जसबाट हाम्रो ग्लोबल आईडी कार्डको अभियान सफल हुन्छ भन्ने का हामी विश्वस्त छौं । तर सका लागि विभिन्न देशमा भएका गैरआवसीय नेपालीले निर्धारित प्रक्रिया बमोजिम आफ्नो सदस्यता दर्ता गर्नु जरुरी छ । तसर्थ म उहाँहरूलाई पनि आग्रह गर्न चाहन्छ कि, सदस्यता दर्ता गराएर आईडी कार्ड लिनुस् र हाम्रो यो अभियानमा सहयोग गर्नुहोस् ।

**राष्ट्रिय समितिहरुको व्यवस्थापन र अन्य राष्ट्रिय समिति थप्नका लागि कस्तो काम भइरहेको छ ?**

नयाँ राष्ट्रिय समिति थप्नुभन्दा पनि भइरहेका समितिलाई सक्रिय बनाउनेमा हामीले जोड दिइरहेका छौं । जस्तै अफ्रिकामा ४ / ५ वटा राष्ट्रिय समितिहरू गठन भएका थिए तर तिनीहरू सक्रिय छैनन् । कंगो, साउथ सुडान लिबिया, बुनाई,ताइवान, क्याम्बोडिया लगायतमा समितिहरू सक्रिय छैनन् । चीनमा नै आन्तरिक कारणले हामी महाधिवेशन गराउने तयारीमा छौं । यूरोपेली मुलुकमै पनि साइप्रस, बलगेरिया, ग्रिस, हंगेरी लगायतका देशमा पनि महाधिवेशन हुन सकेको छैन । तसर्थ अहिले को मुख्य जोड त यिनीहरूलाईसक्रिय बनाउने भन्ने नै हो । र देशै थप्ने भन्नेमा चाहिं नेपालीहरू रहेका ब्राजिल, चिली लगायतका देशमा एक पटक हाम्रा पहुँच कायम भएको थियो तर पछि त्यहाँ गठित समिति सक्रिय छैनन् त्यहाँ हामीले ध्यान दिनुपर्छ भनेर गृहकार्य थालेका छौं र दक्षिण अफ्रिकी र दक्षिण अमेरिकी मुलुकहरूमा पनि राष्ट्रिय समिति विस्तार गर्ने हाम्रो योजना छ ।

**राष्ट्रिय समितिहरुलाई नीति तथा कार्यक्रम दिन नसके को भन्ने गुनासो छ नि ?**

वास्तवमा बुझ्नुपर्ने कुरा के हो भने हाम्रो केन्द्रको नीति तथा कार्यक्रम जे छ त्यही नै राष्ट्रिय समितिको पनि नीति तथा कार्यक्रम हो । मेघा प्रोजेक्ट मात्रै होइन, उज्यालो नेपालको प्रोजेक्ट, टेक्निकल स्कूलको, हरेक राष्ट्रिय समन्वय समितिमा भाषा-संस्कृतिका कार्यक्रमहरू पनि भइरहेका छन् । अब सबै समितिले काम गर्न सक्छन् भन्ने होइन, त्यो उहाँहरूको क्षमतामा भर पर्ने कुरा हो । कुनै ले केन्द्रका नीति कार्यक्रममा बढी योगदान दिएका छन् त कुनैले लोकल लेभलमै भएपनि आ-आफ्ना कामहरू सञ्चालन गरेर योगदान दिइरहेका छन्। तसर्थ नीति कार्यक्रम नदिएको भन्ने भन्दा पनि आफ्नो समितिबाट त्यहाँ रहेका नेपालीका लागि के गर्न सकिन्छ त्यो योजना विस्तार गर्न सक्नुपर्छ ।

**विज्ञ सम्मेलन गर्दै हुनुहुन्छ, सम्मेलन किन गर्न लाग्नुभएको हो ?**

गैरआवासीय नेपाली संघले आगामी अक्टोबरमा विज्ञ सम्मेलनको तयारी एवं गृहकार्य गरिरहेको छ। अहिलेसम्म गैरआवासीय नेपाली संघको पहलमा नेपालमा पूँजी एवं लगानी भित्र्याउने भन्नेमै हाम्रो ध्यान केन्द्रित थियो तर अब भने विदेशमा रहेका नेपालीहरूको ज्ञान सीपलाई नेपालको विकास एवं समृद्धिका लागि प्रयोगमा ल्याउन पर्ने रैछ भन्ने आवश्यकता बोध भएरै पनि नेपालीहरूको ज्ञान सीपको प्रयोगका लागि पहल गर्नका लागि भनेर संस्थागत रूपमा हामीले पहल सुरु गरेका हौं ।

**विधानसभा पनि गर्दै हुनुहुन्छ ? त्यसको आवश्कता किन पर्यो ?**

गैरआवासीय नेपाली संघको संरचनामा समय-सापेक्ष सुधार गर्न, निर्वाचनलाई व्यवस्थित बनाउन तथा संघको कार्य-प्रणालीलाई अझ चुस्त बनाउन विधानमा व्यापक संशोधन गर्नुपर्ने आवश्यकता महसुस भएकाले विधानसभा समेत आयोजना गर्न लागेका हौं । सो विधानसभामा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्य तथा राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधि एवं संघका संरक्षक, सल्लाहाकार तथा मानार्थ सदस्यहरूले भाग लिनेछन् । यसअघि ग्लोबल सम्मेलनमै यो काम गरिन्थ्यो तर त्यो खासै प्रभावकारी हुन सकेन । किनपनि भने त्यो बेला निर्वाचन पनि हुने भएकाले सबैले एकमुष्ट ध्यान निर्वाचनमै जाने हुन्छ, जसका कारण विधानको विषय ओझेलमा पर्छ, त्यसैले पनि यसपालि भने हामीले छुट्टै विधानसभाको मात्रै परिकल्पना गरेका हौं ताकी प्रभावकारी होस् । रअर्को कुरा भनेको हाम्रो विधान भनेको हामीले मात्र नभई नेपाल सरकारको परराष्ट्र मन्त्रालयले पनि प्रमाणीकरण गरेपछि मात्रै हामीले लागू गर्न पाउँछौं। त्यसकारणले पनि अन्तर्राष्ट्रिय सम्मेलनका समय पारि विधान संशोधन गरेपनि त्यसमा संशोधनको विषयमा छलफल गर्न अनुकुल समय पनि नहुने महसुस गरी हामीले यो पटक चाहिं अक्टोबरमै संशोधनका विषयमा व्यापक छलफल गर्ने भनेका हौं । ताकी भविष्यमा संस्थालाई अघि बढाउन सहज होस् भनेर पनि विधानसभा गर्न लागे का हौं ।

**राष्ट्रिय समितिहरुमा देखिएका विवाद व्यवस्थापन कसरी गर्न सकिन्छ ?**

वास्तवमा अहिले हेर्ने हो भने कुनै पनि समितिमा विवाद छैन, विवाद कहिले हुन्छ भन्दा निर्वाचनका बेलामा । हो, अब हामीले गर्नुपर्ने काम भनेको अहिले विवाद नभएको समयमा हो । कुन ठाउँमा किन विवाद भयो भनेर खोज्ने बेला अहिले हो । अहिले हाम्रो अध्ययन अनुसार भन्ने हो भने, निर्वाचनका बेलामा निर्वाचन प्रक्रिया, जस्तै कतै इ-भोटिङको व्यवस्था हुन्छ, कतै पेपर भोटिङ नै हुन्छ, विशेषत इ-भोटिङ भएका ठाउँमा पनि विवाद आउने गरेको देखियो । अब यी सबै कुरालाई समाधान गर्नमा लागि नै भनेर हामीले विधानसभाको परिकल्पना गरेका हौं । भोलिका दिनमा विवाद सिर्जना हुने कुनै अवस्था नआओस् भनेर विधानसभामै हामी व्यापक छलफल गर्छौं । र सबैका लागि स्वीकार्य विधी प्रक्रियालाई अघि बढाउँछौं । खासमा विधानसभाको आवश्यकता पनि यसैको लागि हो ।

**पछिल्लो समय संस्थामा के-कस्ता काम भइरहेका छन् ?**

अहिले १० अर्बको लगानी नेपालमा भित्र्याउने योजना अनुसार काम भइरहेको छ । जसमा नेपालमा लगानी गर्न चाहने साना तथा ठूला लगानीकर्ता एकै ठाउँमा उभिन सक्छन् त्यसको धेरै काम पनि अघि बढेको छ र हामी यसकै गृहकार्यमा छौं । अर्को भनेको हामीले अक्टोबरमा गर्ने भनेको विज्ञ सम्मेलनको तयारी स्वरूप नै विभिन्न मुलुकमा रहेका विज्ञ पहिचान गर्नका लागि विभिन्न सम्मेलनहरूको आयोजना गरिरहेका छौं । जस्तै सम्मेलनको तयारी का लागि अमेरिकामा आगामी जुनमा, युरोपको लग्जेम्वर्ग जुलाईमा, एशियाको थाईल्याण्ड लगायतका अन्य क्षेत्रहरूमा तयारी सम्मेलनहरूको आयोजना गर्न लागेका छौं । साथै आन्तरिक तयारी, डायस्पोरा का विज्ञहरूसँग छलफल गरी समय लिने काम भइरहेको छ, भने विदेशबाट ल्याउने विज्ञ छनोट, सम्मेलनमा छलफल गर्ने विषयबस्तुलाई अन्तिम रूप दिने काम पनि भइरहेको छ । समग्रमा हामी अहिले आन्तरिक तयारी र गृहकार्यमा जुटेका छौं ।




# जापानमा सबिता श्रेष्ठको संयोजकत्वमा महिला फोरम गठन

गैरआवासीय नेपाली संघ एनसीसी जापानले महिला संयोजक सबिता श्रेष्ठको संयोजकत्वमा महिला फोरम गठन गरेको छ । जापानमा पहिलो पटक महिला फोरम गठन गरिएको हो । एनआरएनए जापानकी महिला संयोजक रहनु भएकी श्रेष्ठको संयोजकत्वमा विभिन्न सामाजिक क्षेत्र, संघ संस्थामा सक्रिय महिलाहरूलाई समेटेर २१ सदस्यीय महिला फोरम गठन गरिएको हो । साथै फोरमले चार सदस्यीय सल्लाकार समिति समेत गठन गरेको छ । महिला फोरममा ज्वाला संग्रौला सदस्य सचिव रहने गरि, सिर्जना पाण्डे, संगीता अधिकारी, गंगा डंगोल अन्जु भण्डारी, बिष्णु बानियाँ, निरा उपाध्याय, सरिता ढकाल, स्मृति आचार्य, निरा केसी, सिता राणा, सरू बास्तोला, सुनिता महर्जन श्रेष्ठ, कमला गैरे, धर्मिका घिमिरे, दिपा घिमिरे, शक्खु खान, ज्योती पौडेल, ग्रीष्मा ओकोमोतो र लक्ष्मी दुलाललाई सदस्यमा चयन गरेको छ । फोरमको सल्लाहकार समुहमा,इन्दिरा सुजुकी, प्रेमिला गौचन, पवन वर्षा शाह र शुष्मा ओमाता चयन हुनुभएको छ ।

संयोजक श्रेष्ठले विभिन्न विषयमा विज्ञ रहेका महिलालाई समेटेर अघि बढ्न बताउनुभयो । सो अवसरमा एनसीसी जापानको तर्फबाट उपाध्यक्ष शिवप्रसाद पौडेल र प्रवक्ता पर्शुराम बस्नेतको समेत उपस्थित रहेको थियो ।

प्रवासमा महिला सशक्तिकरण, महिला जागरण, नेतृत्व विकास तथा राष्टको समृद्धिमा महिलाहरूको भूमिकालाई स्थापित गदअगाडि बढाउने उद्देश्यका साथ फोरम गठन गरिएको संयोजक श्रेष्ठले बताउनुभयो । विश्वभरी ७८ देशमा आफ्नो राष्ट्रिय कमिटी बिस्तार गरेको एनआरएनएले हालसम्म ६० राष्ट्रमा एनसीसी महिला संयोजकको नेतृत्वमा महिला फोरम गठन गरिसकेको छ ।

# गैरआवासीय नेपाली संघद्वारा 'वैदेशिक रोजगार' सम्बन्धी मागपत्र जाँच निर्देशिका २०७५' को स्वागत

गैरआवासीय नेपाली संघ एन.आर.एन.एले वैदेशिक रोजगार क्षेत्रको विकृति र विसंगति रोक्न नेपाल सरकारले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँच निर्देशिका २०७५ को स्वागत गरेको छ । संघको पहलमा वैदेशिक रोजगारको क्षेत्रमा भएका क्रमिक प्रगति र नेपाल सरकारले गरेका निर्णयबाट थप आशावादी भएको भन्दै निर्देशिका अभावमा यसअघि रोजगार दाता कम्पनी र म्यानपावर कम्पनीले माग गरेको कामको विवरणबारे यकिन हुन कठिनाइ भइरहेको र त्यसका नाममा ठगीमा पर्दै आएका सोझा र आर्थिक रूपमा विपन्न नेपालीहरूले भोग्नुपरेको समस्या समेत न्यूनिकरण हुने विश्वास लिएको संघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नयाँ निर्देशिकाले अदक्ष कामदारको सट्टा बढी तलब सुविधा पाउने दक्ष कामदार जाने प्रवृत्ति बढ्ने अपेक्षा संघले राखेको र यसले सीप अनुसारको रोजगारी पाउने सम्भावना पनि बढाएको विज्ञप्तिमा उल्लेख छ । एउटा काम र तलबका लागि भनेर पठाउने तर सम्बन्धित मुलुकमा पुगेपछि भनिएको भन्दा अर्को काम र न्यून तलब पाउने आम समस्या र वैदेशिक रोजगारका क्षेत्रमा हुने विकृतिलाई सुधार्न समेत पछिल्लो निर्देशिकाले सहयोग पुर्‍याउने संघले आफ्नो विज्ञप्तिमा जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'वैदेशिक रोजगारीको शिलशिलामा विदेशस्थित अस्पतालमा भएका र कानून सेवाको अभावमा जेल जीवन बिताउन बाध्य भएकाहरूलाई कानूनी सहायता, नियोगबाटै उपलब्ध गराउने प्रावधान र सिण्डिकेटको खारेजी जस्ता कार्यहरूलाई वैदेशिक रोजगारीमा जानेहरूको हित र संरक्षणका लागि भएका प्रगतिको रुपमा लिएका छौं ।'

वैदेशिक रोजगारीमा जानेहरूका लागि त्रिभुवन विमानस्थलको प्रस्थान कक्षमा सहजकर्ताहरूको व्यवस्था हुने, वैदेशिक रोजगार, सामाजिक सुरक्षा, अंगभंग भएकाहरूलाई परिचयपत्रका साथ उपचार को व्यवस्था, त्यसपछि सक्नेहरूलाई रोजगारी र अशक्तहरूलाई मासिक भत्ता, मृतकका परिवार लाई रोजगारी र तिनका बच्चाहरूलाई अध्ययनरत वा इच्छाएको विद्यालयमै छात्रवृत्ति अनि निशुल्क उपचारको व्यवस्था, सबै कामहरू अनलाईन गरी प्रत्यक्ष भेट्नु पर्ने बाध्यता हट्दा पैसाको प्रत्यक्ष लेनदेन पनि कम हुने विश्वास लिएको संघले उल्लेख गरेको छ ।

विदेशबाट फर्केकाहरूलाई सीप बैंकको व्यवस्था एवं सामुहिक लगानी, पेन्सन सरहको सुविधा लगायतका विषयमा समेत सरकारले यथाशक्य छिटो ठोस पहल गर्ने सरकारको प्रतिबद्धतालाई पनि संघले स्वागत गरेको छ । वैदेशिक रोजगारीमा जानेहरूका लागि अध्यागमनमा छुट्टै कक्ष र बिदेशमा मृत्यु हुनेको शव ल्याउन का लागि छुट्टै आगमन कक्षको व्यवस्था गर्ने जस्ता प्रावधानले सरकारले जिम्मेवारीको बोध गरेको महसुस गरेको संघले विज्ञप्तिमा उल्लेख गरेको छ । यद्यपी विगतमा निर्णयहरू भएपछि कतिपय निर्णय कार्यन्वयन हुन नसकेको भन्दै यस पटकका सम्पूर्ण निर्णयहरू यथाशक्य छिट्टै प्रभावकारी कार्यन्वयन हुने अपेक्षा राखेको संघले उल्लेख गरेको छ ।




# अमेरिकामा नेपाली परेड

नेपाल र नेपालीको पहिचान संसारलाई चिनाउने उद्देश्यले अमेरिकाको न्युयोर्कमा नेपाल डे परेड २०१८ भव्य समारोहबीच मनाइएको छ । बुद्ध जयन्ती र गणतन्त्र दिवसको सन्दर्भ पारेर न्युयोर्कस्थित मेडिशिन एभिन्युमा बृहत नेपाली सामुदायका माफ नेपाल डे मनाइएको हो । यस बर्षको नेपाल डे परेडको शुभारम्भ न्युयोर्क सिटी काउन्सिलका कोस्टा कोस्टाण्टिडेज र काँग्रेस नेत्री महालक्ष्मी उपाध्याय 'डिना' ले गर्नुभएको थियो । अमेरिकाभरि बसोबास गर्दै आएका नेपाली समुदायले आ-आफ्नो भेष-भुषा, संस्कृति र रहनसहनलाई कलात्मक शैलीमा प्रदर्शन गरेका थिए । सो अवसरमा नेपाली समुदायले बाजागाजा सहित नेपाली नाच र गीतको प्रदर्शन समेत गरेका थिए । न्युयोर्क र आसपासका राज्यमा बसोबास गर्दै आएका झन्डै तीन हजारको संख्यामा सहभागी नेपाली अमेरिकन आफ्नो मौलिक पहिरनमा उपस्थित थिए । सो अवसरमा न्युयोर्कस्थित महावाणिज्यदुत मधु मरासनी लगायत विभिन्न कुटनीतिज्ञको उपस्थीती रहेको थियो । करिब ५५ नेपाली अमेरिकनको स्थानिय संघ-संस्थाले सहभगिता जनाएको नेपाल डे परेड २०१८ गैरआवासिय नेपाली संघ, एनआरएनए न्युयो-र्क च्याप्टर र नेपाल डे परेड इंकको संयोजनमा सफलता पूर्वक साथ सम्पन्न भएको थियो ।

# गैरआवासीय नेपाली संघका पञ्जिकृत सदस्यहरुलाई सहुलियत दिनेबारे सहमति पत्रमा हस्ताक्षर:

गैरआवासीय नेपाली संघ र नेपाल मेडिसिटी अस्पतालबीच एक सहमती पत्रमा हस्ताक्षर भएको छ । गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्ट एवं गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवं प्रमुख संरक्षक तथा नेपाल मेडिसिटीका अध्यक्ष डा. उपेन्द्र महतो र गैरआवासीय नेपाली संघका उपाध्यक्ष सपीला राजभण्डारीको उपस्थितीमा भएको सहमति पत्र अनुसार नेपाल मेडिसिटी अस्पतालले गैरआवासीय नेपाली संघका पञ्जिकृत सदस्यहरु एवं निजको परिवारलाई आफ्नो सेवा शुल्कमा केही छुट दिने भएको छ । गैरआवासीय नेपाली संघले पञ्जिकृत सदस्यहरूलाई Readable Quick Response QR Code सहितका कार्ड उपलब्ध गराएको छ ।

सहमतिपत्र हस्ताक्षर समारोहमा बोल्नु हुँदै संघका अध्यक्ष भवन भट्टले सहमति पत्रले संघको मेडिसिटिसँग सुरुवात देखि चलेको सम्बन्धलाई औपचारिकता दिने काम गरेको र मेडिसिटीले छोटो समयमा नै विश्वसनियता आर्जन गर्न सकेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले नेपाललाई पर्यटन र स्वास्थ्यको केन्द्र बनाउन सकिने धारणा राख्नुभयो । अध्यक्ष भट्टले संघका सदस्यहरूलाई सहुलियत दिने सम्झौताको सुरु नै गैरआवासीय नेपाली अभियानका प्रवर्तकको प्रतिष्ठानबाट सुरु भएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले दुई संस्थाहरूबीच अझ गहिरो सम्बन्ध विकास हुने विश्वास व्यक्त गर्नु भयो ।

समारोहमा संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले मेडिसिटी गैरआवासीय नेपाली जस्तै नेपाल-लाई स्वास्थ्य मुलुक बनाउने अभियानमा मेडिसिटी लागेको र सँगसँगै अघि जानुपर्ने धारणा राख्नु भयो । उहाँले अन्तर्राष्ट्रिय स्तरको सेवा नेपालमा नै उपलब्ध गराउने र अन्य स्वास्थ्य संस्थाहरूलाई पनि सेवा स्तर सुधार गर्न सघाउने उद्देश्यले नेपाल मेडिसिटी स्थापना गरिएको बताउनु भयो । संस्थापक अध्यक्ष महतोले स्वास्थ्य प्रतिष्ठानमा बिरामी भएपछि होइन स्वस्थ रहँदा नै आएर आफू स्वस्थ भएको प्रमाण लिन र पछि लाग्न सक्ने रोगबाट बच्न अपिल गर्नुभयो । उहाँले गैरआवासीय नेपालीहरूले नेपालमा नै स्वास्थ्य सेवा लिन सक्ने प्रतिष्ठान बनाउन पाएकोमा खुशी व्यक्त गर्दै आफ्नो लक्ष्य नेपालका अरू स्वास्थ्य सेवा प्रतिष्ठानसंग प्रतिस्पर्धा गर्न नभई सबैको सेवाको स्तरमा सुधार गर्न आफूले मेडिसिटी स्थापना गरेको बताउनुभयो । साथै उहाँले यस्ता संस्था धेरै विकास भए नेपाल स्वास्थ्य सेवाको केन्द्र बन्नसक्ने धारणा राख्नुभयो ।

समारोहमा बोल्नु हुंदै संघकी उपाध्यक्ष सपिला राजभण्डारीले संघले पञ्जिकृत सदस्यहरुलाई QR Code सहितको परिचय पत्र उपलब्ध गराउन थालेको र ति परिचयपत्र बाहकहरूले नेपाल र विदेशमा कार्यरत विभिन्न फर्म तथा कम्पनीका वस्तु र सेवामा सहुलियत प्राप्त गर्दा संघको सदस्यता अभियानलाई समेत सहयोग पुग्ने कुरा बताउनुभयो। परिचयपत्र बाहकहरूलाई सहुलियत दिने पहिलो सम्झौता संस्थापक अध्यक्षले स्थापना गर्नु भएको संस्थाबाट सुरु गर्न पाएकोमा खुशी व्यक्त गर्नु हुंदै उहाँले आगामी दिनमा अरू फर्म तथा कम्पनीसंग पनि यस्तै प्रकारको सहमति गरिने बताउनुभयो ।

सहमति पत्रमा संघको तर्फबाट प्रमुख कार्यकारी अधिकृत हेमन्त दवाडी र नेपाल मेडिसिटिका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुधाकर जयरामले हस्ताक्षर गर्नु भएको थियो । समारोहमा काठमाडौंमा रहनु भएका गैरआवासीय नेपालीहरू तथा मेडिसिटिका प्रतिनिधिहरू एवं पत्रकारहरूको उपस्थिति थियो ।



# एनआरएनद्वारा गोरखाको लाप्राकमा निर्माणाधीन नमूना बस्तीका घरहरू लाभग्राहीलाई आवण्टन

गैरआवासीय नेपाली संघ एनआरएनएले गोरखाको लाप्राकमा निर्माणाधीन बस्तीका घरको स्वामित्व भूकम्पपीडित लाभग्राहीलाई प्रदान गरेकोछ । गत ८ मार्चमा लाप्राकमा आयोजित एक कार्यत्रममा एनआरएनएका अध्यक्ष भवन भट्ट र धार्चे गाउँपालिकाका अध्यक्ष सन्तोष गुरूङ्को उपस्थितिमा लाप्राक नमूना वस्तीका निर्माणाधिन घरहरू कुन लाभग्राहीलाई कुन क्षेत्रको कुन नम्वरको घर पर्ने हो गोला प्रथाद्वारा निर्धारण गरिएको थियो । आगामी गैरआवासीय नेपाली दिवसको अवसरमा सबै घरहरूको निर्माण सकेर औपचारिक हस्तान्तरण गर्ने लक्ष्य राखेको हुँदा निर्माण कार्यलाई तिव्रपार्नको लागि समेत स्थानीय सहभागीता बढाउन घर छुट्याईएको हो । लाभग्राहीलाई आफ्नो घर कुन हुने हो भन्ने जानकारी नहुँदा काममा जुट्न र आफूसँग भएका सामाग्रीहरू उपलब्ध गराउन सहज भैरहेको थिएन । अव भने सबैलाई आफ्नो घर निर्माणमा जुट्न सहजता मात्रै नभइ उत्साह बढेको छ । यो कार्य आधिकारीकरूपमा घर हस्तान्तरण नभई पुनर्निर्माणमा भूकम्पपिडितको आफ्नोपन होस भनेर छुट्याईएको र पुनर्निर्माणमा आफ्नो घरमा लाभग्राहीको थप सहयोग प्राप्त हुने विश्वासले गरिएको संघका अध्यक्ष भट्टले जानकारी दिनुभएको छ ।

निर्माणाधीन ५ सय ७३ वटा घर निर्माण सम्पन्न हुनेबित्तिकै हस्तान्तरण गर्नेगरी हाललाई स्वामित्व मात्रै छुट्याइएको अध्यक्ष भट्टले जानकारी दिनुभयो । एकवर्ष अघि घर निर्माण सम्बन्धी सम्झौता गरेका भुकम्पपीडित परिवारलाई गोलाप्रथा मार्फत स्वामित्व हस्तान्तरण गरिएको हो । गोला प्रथा प्रक्रियामा छनोट भएका घर र सेवाग्राहीको नामको रेकर्ड नेपाली सेना र एनआरएनएले राखेको छ ।

एनआरएनएले आगामी अक्टोबरमा लाभग्राहीलाई घर हस्तान्तरण गर्ने अध्यक्ष भट्टले बताउनुभयो । यस्तै संघका उपाध्यक्ष तथा लाप्राक नमूना वस्ती निर्माण परियोजनाकी संयोजक सपीला राजभण्डारीले अब आउने गैरआवासीय नेपाली दिवसमा सबै घर निर्माण गरी हस्तान्तरण गरिने योजना अनुरूप तिब्रगतिमा काम भइरहेको जानकारी दिनुभयो । साथै उहाँले सबै लाभग्राहीहरूको प्रमाण चेक जाँचगरी औपचारिक रूपमा घर निर्माण सकिए पछि हस्तान्तरण गरिने जानकारी गराउनुभयो ।

धार्चे गाउँपालिकाका अध्यक्ष सन्तोष गुरूङ्ले लाप्राक नमूना वस्तीको निर्माणमा गैरआवासीय नेपाली संघले गरेको योगदानप्रति आभार प्रकट गर्नुहुँदै उहाँले निर्माण कार्य समयमै सम्पन्न गर्न स्थानीय र आफ्नो तर्फबाट भरपुर सहयोग रहने र लाप्राक भेदभाव रहितको एक नमूना वस्ती बन्ने धारणा राख्नुभयो ।

सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितमा गत २०७३ साल वैशाख १२ गतेका दिन लाप्राकमा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय र गैरआवासीय नेपाल संघको त्रिपक्षीय सम्झौता भएपछि लाप्राकमा निर्माण कार्यको सुरूवात भएको थियो । यस परियोजनाको निर्माण कार्यमा सहयोग गर्नको लागि नेपाली सेनाको एक टोली नै परियोजना स्थल भित्र रही कार्यरत छ । यस अलावा नेपाल सरकार स्थानीय सरकार र स्थानीय समुदायले यस परियोजना समयमै सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

कार्यत्रममा संघका अध्यक्ष र उपाध्यक्ष, धार्चे गाउँपालिका अध्यक्षको अतिरिक्त नेपाली सेनाको प्रमुख सेनानी चन्दन सिंह थापा, सेनानी गणेशमान सिंह बस्नेत, गैरआवासीय नेपाली संघको मानार्थ समितिका सदस्य सुभाष अधिकारी र संघका प्रमुख कार्यकारी अधिकृत डा। हेमन्त दवाडी लगायत स्थानीय जनप्रतनिधिको सहभागीता रहेको थियो ।



# फिनल्याण्डमा 'वर्ल्ड भिलेज फेस्टिवल'



फिन्ल्याण्डको राजधानी हेल्सिन्किमा मे २६ मा नेपाली समुदायले आफ्नो कला र संस्कृति प्रदर्शन गरेको छ । फिन्ल्याण्डमा सक्रिय संस्था केपाको अयोजना र राष्ट्रिय समन्वय परिषद फिन्ल्याण्डले संयोजन गरेको "वर्ल्ड भिलेज फेस्टिवल" कार्यत्रममा नेपाली संगित, कला र भेषभूषाको प्रदर्शनी गरिएको थियो । सो कार्यत्रममा विभिन्न नेपाली गीतमा नृत्यका साथै नेपाली पोषाकको प्रदर्शनी गरिएको थियो ।

सन् १९९५ देखि हरेक बर्ष आयोजना हुने गरेको फेस्टिबलमा फिन्ल्याण्डमा रहेका विभिन्न समुदायहरूले आ-आफ्नो भाषा, संस्कृति, कला र भेषभूषाको प्रवर्धन गर्ने गर्दछन् । नेपाली समुदायको प्रस्तुतीलाई स्थानीय दर्शकले रूचीपूर्वक अवलोकन गरेका थिए ।

# एनआरएन यूरोप क्षेत्रिय सम्मेलनमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली सहभागी हुने



गैरआवासीय नेपाली संघ (एनआरएन) यूरोप सम्मेलनमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली सहभा - गी हुनुहुने भएको छ । आगामी जुलाई २९ र ३० तारिखमा लक्जम्वर्गमा हुने सम्मेलनमा २७ देशका प्रतिनिधि सहभागी हुनेछन् । एनआरएन यूरोप संयोजक शिवकुमार बरूवालका अनुसार अध्यक्ष भवन भट्टको नेतृत्वमा गएको टोलीले परराष्ट्रमन्त्री ज्ञवालीलाई भेटेर सम्मेलनमा आमन्त्रण गरेको हो । भेटमा परराष्ट्रमन्त्री ज्ञवालीले सम्मेलनमा सहभागी हुने प्रतिवद्धता जनाउनुभएको बरूवालले बताउनुभयो । अध्यक्ष भट्टको टोलीमा उपाध्यक्ष कुल आचार्य, सह-कोषाध्यक्ष सोम सापकोटा तथा शिशिर भट्ट सहभागी थिए । संयोजक बरूवालका अनुसार परराष्ट्रमन्त्री ज्ञवालीलाई गैरआवासीय नेपालीले प्राप्त गर्ने नागरिकताबारे ड्राप्ट हुँदै गरे-को ऐनबारे पनि छलफल भएको थियो । एनआरएन यूरोपको यो ११ औं क्षेत्रीय सम्मेलनमा हो ।

# पेरिसमा २५६२ औँ बुद्ध जयन्ती मनाइयो

फ्रान्सको पेरिसमा २५६२ औँ बुद्धजयन्ती मनाइएको छ । गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने सन्देश विश्वमा फैलाउने उद्देश्यसहित आइफल टावर को प्राङ्गणमा नेपाली समुदायको सहभागिता मा भव्यरूपमा कार्यक्रमको आयोजना गरिएको थियो। सो अवसरमा बुद्धका तस्विर, बुद्ध सन्देश सहितका पोस्टर र नेपाली झण्डा बोकेका नेपाली समुदायको बाक्लो उपस्थिती रहेको थियो । फ्रान्सस्थित नेपाली दूतावास, एन. आर. एन. ए फ्रान्स, फ्रान्स नेपाल मैत्री संघ, मैजों कल्चर दु नेपाल, नेपाली एकता समाज फ्रान्स, तमु समाज फ्रान्स, मगर समाज फ्रान्स, पाकोफेन र म्याग्दी समाज फ्रान्सले संयुक्त रूपमा कार्यक्रमको आयोजना गरेका थिए । कार्यक्रममा उपस्थित विभिन्न व्यक्तित्वले विश्व नै आतंकवादको त्रासदीमा रहेको भन्दै बुद्धको शान्तिको सन्देशको आवश्यकता औँल्याएका थिए । नेपाल र विश्व राजनीतिमा बुद्धको नीति अवलम्बन गर्नुपर्ने आवश्यकता औँलाउदै उनीहरूले बुद्धको अनुशरण गरेर मात्रै विश्वमा शान्ति र समृद्धि स्थापना हुन सक्ने बताएका थिए ।



# एनआरएनएको विज्ञ सम्मेलन अक्टोबरमा

## विधानसभाको तयारी पनि तीव्र

गैरआवासीय नेपाली संघ (एनआरएनए) को आयोजनामा आगामी १२ र १३ अक्टोबरमा दुई दिने विज्ञ सम्मेलन हुने भएको छ । काठमाण्डौस्थित संघको सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा गैरआवासीय नेपाली दिवसको अवसर पारेर संघले सो सम्मेलन गर्न लागिएको जानकारी दिइएको छ । सम्मेलनमा नेपालको शिक्षा, स्वास्थ्य, जलविद्युत, पूर्वाधार तथा सहरी विकास, कृषि तथा खाद्य सुरक्षा लगायतका विभिन्न विधामा नीतिगत तथा विषयगत रूपमा छलफल गरिने सम्मेलन संयोजक डा. हेमराज शर्माले जानकारी दिनुभयो ।

विधानसभा तथा बौद्धिक सम्मेलनको तयारीका लागि अमेरिकामा आगामी जुनमा, युरोपको लग्जेम्वर्ग जुलाईमा, एशियाको थाईल्याण्ड लगायतका अन्य क्षेत्रहरूमा तयारी सम्मेलनहरू आयोजना हुने एनआर-एन उपाध्यक्ष कुमार पन्तले जानकारी दिनुभयो ।

गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि एवं पूँजी तथा बौद्धिकतालाई नेपालको दिगो विकास समृद्धिका लागि समयसापेक्ष उपयोग गरिरहेको भन्दै आगामी दिनमा निरन्तरता दिन समेत सम्मेलन फलदायी हुने बताइएको छ ।

संघद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'गैर-आवासीय नेपाली संघको पहलमा नेपालमा पूँजी एवं लगानी भित्र्याउन केही सफलता हासिल भएपनि विदेशमा रहेका नेपालीहरूको ज्ञान सीपलाई नेपालको विकास एवं समृद्धिका लागि प्रयोगमा ल्याउन खासै सफलता हासिल गर्न नसकिएको अवस्थामा विदेशमा बस्ने नेपालीहरूको ज्ञान सीपको प्रयोगका लागि पहल गर्ने निर्णय संघले गरेको हो ।'

यसैबीच गैरआवासीय नेपाली संघको संरचनामा समय-सापेक्ष सुधार गर्न, निर्वाचनलाई व्यवस्थित बनाउन तथा संघको कार्य-प्रणालीलाई अझ चुस्त बनाउन विधानमा व्यापक संशोधन गर्नुपर्ने आवश्यकता रहेको भन्दै आगामी १४ अक्टोवर २०१८ मा संघले विधानसभा समेत आयोजना गर्ने भएको छ । सो विधानसभामा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्य तथा राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधि एवं संघका संरक्षक, सल्लाहाकार तथा मानार्थ सदस्यहरूले भाग लिने संघका उपाध्यक्ष कुमार पन्तले जानकारी दिनुभयो ।

यसै सन्दर्भमा गैर आवासीय नेपालीहरूको सामूहिक लगानी प्रबर्द्धन गर्नका लागि एक छुट्टै कम्पनी खडा गर्ने सम्बन्धमा समेत प्रारम्भिक अध्ययन तयार भएको एनआरएनले जनाएको छ । नेपाल सरकारसँग छलफल गरी सो अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिइने र एक कम्पनी खडा गरी लगानीको रकम जम्मा गरिने संघका डा. बद्री केसीले जानकारी दिनुभयो ।

# NON-RESIDENT NEPALI ASSOCIATION

## Committee, Sub-committee and Task Force, 017-19

| S.n | Name | Designation | Country |
|---|---|---|---|
| C1 | Mega ProJect | | |
| | Bhaban Bhatta, NRNA President | Chair | Japan |
| | Sub Committes : | | |
| C1T1 | Nepal Earth Quake Rebuild Team (NERT) | | |
| | Sapila Rajbhandari, VP-NRNA | Convener | Russia |
| C1T2 | NRNA Building Fund (NBF) | | |
| | Kumar Panta, V.P. NRNA | Convener | Germany |
| C1T3 | NRNA Sankhamul Ghat Garden | | |
| | Kul Acharya, VP-NRNA | Convener | UK |
| C1T4 | Ujyalo Nepal | | |
| | Dr. Badri K.C., GS-NRNA | Convener | Russia |
| C1T5 | NRNA Foundation | | |
| | Hikmat Thapa, Treasurer, NRNA | Convener | Nigeria |
| C2 | Nepal Promotion | | |
| | Sapila Rajbhandari, V.P, NRNA | Chair | Russia |
| C2S1 | Tourism Promotion Nepal (TPN) | | |
| | Som Nath Sapkota, Joint Treasurer, NRNA | Convener | Denmark |
| C2S2 | Culture Heritage | | |
| | Bishnu Hamal | Convener | Australia |
| C2S3 | Language and Literature | | |
| | Govinda Gautam, DRC-Europe, NRNA | Convener | Russia |
| C2S4 | Promotion of Nepali Goods Abroad | | |
| | Shiva Baruwal, R.C. - Europe, NRNA | Convener | Belgium |
| C3 | Trade Investment Promotion (TIP) | | |
| | Kumar Panta, V.P, NRNA | Chair | Germany |
| C3S1 | Common Investment Fund for Infrastructure Development In Nepal | | |
| | Kumar Panta, V.P. NRNA | Convener | Germany |
| C3S2 | Entrepreneurship and Enterprise Development (EED) | | |
| | R.K. Sharma, R.C. Middle East, NRNA | Convener | Qatar |
| C3S3 | Social Entrepreneurship Development (SED) | | |
| | Lok Raj Sharma, Ex-DYC, NRNA | Convener | Denmark |
| C4 | Foreign Employment and Migrant Workers Welfare Committee (FEMWWC) | | |
| | D.B Chhetri, Secretary, NRNA | Chair | Oman |
| C4T1 | Foreign Employment Relief Fund (FERF) | | |
| | Som Nath Sapkota, Joint Treasurer, NRNA | Convener | Denmark |
| C4T2 | Social Welfare of Migrant Workers (Hajare Adhiyan) | | |
| | D.B Chhetri, Secretary, NRNA | Convener | Oman |
| C4T3 | Foreign Employment Legal Support | | |
| | | | |
| C4T4 | Migrant Issues Subcommittee | | |
| | Deepak Kharel, Ex-ICC Member | Convener | Spain |
| C4T5 | Cooperation with Gurkhas | | |
| | Lachhya Gurung, Ex-DRC, NRNA | Convener | U.K. |
| C5 | Philantrophy and Humanitarian Assistance | | |
| | Kul Acharya, V.P, NRNA | Chair | U.K. |
| C5T1 | Women Health | | |
| | Rajani Pradhan, Women Coordinator, NRNA | Convener | Belgium |
| C5T2 | One NCC One Charity | | |
| | Janaki Gurung, Secretary, NRNA | Convener | Belgium |
| C5T3 | Nepal Library Project | | |
| | Naresh Koirala, Ex-R.C. Americas | Convener | Canada |
| C5T4 | Disaster Relief Management | | |
| | Col. M.B Gurung, ICC Member | Convener | Hong Kong |
| C5T5 | Telemedicine | | |
| | Ramsharan Simkhada, ICC Member | Convener | U.K. |
| C5T6 | Sister School Concept | | |
| | Dr. Gyanendra Regmi | Convener | Australia |

| S.n | Name | Designati | Countı |
|---|---|---|---|
| C6 | NRNA Policy and Procedure | | |
| | Dr. Badri K.C., GS, NRNA | Chair | Russia |
| C6S1 | Policy and Procedure | | |
| | Dr. Badri K.C., GS, NRNA | Convener | Russia |
| C6S2 | Mangement Information System (MIS) | | |
| | Gouri Joshi, R.C., Americas, NRNA | Convener | USA |
| C6S3 | Global ID Card Campaign | | |
| | Sapila Rajbhandari, V.P, NRNA | Convener | Russia |
| C6S4 | Election Committee | | |
| | TBC | | |
| C7 | Media and Publication | | |
| | Bhusan Ghimire, Spokesperson, NRNA | Chair | Japan |
| C8 | Financial Sustainability (FSN) | | |
| | Hikmat Thapa, Treasurer, NRNA | Chair | Nigeria |
| C9 | Constitution Amendment | | |
| | Dr. Hem Raj Sharma, Advisor, NRNA | Chair | U.K. |
| C10 | Discipilinary Committee (DC) | | |
| | Dr. Ambika Prasad Adhikari, Ex-Patron | Chair | USA |
| C11 | Constitution Committee | | |
| | Jiba Lamichhane, Patron, NRNA | Chair | Germany |
| C12 | NRNA Academy | | |
| | Dr. Pramod Dhakal, Ex-ICC Member | Chair | Canada |
| C12S1 | Open Univesity (OUN) | | |
| | Dr. Pramod Dhakal, Ex-ICC Member | Convener | Canada |
| C12S2 | Nepal Science Foundation | | |
| | Dr. Raju Adhikari, Ex-ICC Member, Australia | Convener | Australia |
| C12S3 | Travel Safety and Road Security | | |
| | Tharka Sen, Ex-ICC Member | Convener | U.K. |
| C12S4 | Blood Transfusion System (Technology Transfer) | | |
| | Phanindra Panta, Ex-ICC Member | Convener | Netherlanc |
| C12S5 | Health and Hygiene Improvemnet | | |
| | Dr. Sanjeeb Sapkota | Convener | USA |
| C12S6 | Skill Training Centre | | |
| | Pawan Dhakal | Convener | Germany |
| C12S7 | Policy Institute | | |
| | Khagendra Dhakal, ICC Member | Convener | Thailand |
| C12S8 | Clean Nepal | | |
| | Khem Sharma | Convener | Australia |
| C12S9 | Agriculture Promotion | | |
| | Yubaraj Gurung, Hon. Council Member, NRNA | Convener | Belgium |
| C13 | Sports and Youth Activities | | |
| | Sudan Thapa, Youth Coordinator, NRNA | Chair | |
| C13S1 | Sports: | | |
| | Raju Manandhar | Convenor | Australia |
| C13S2 | Second Generation and Motivation | | |
| | Nirmal Aryal, Ex-NCC President | Convener | France |
| C14 | Internal Audit | | |
| | Goba Katuwal, Ex-R.C. Oceania | Chair | Australia |
| Task Force: | | | |
| T1 | Continuation of Nepali Citizenship | | |
| | Ram Pratap Thapa, Patron, NRNA | Convener | Germany |
| T2 | Sindhuligadhi Project | | |
| | D.B. Chhetri, Secretary, NRNA | Convener | Oman |
| T3 | NRN's Rights in Nepali Constitution | | |
| | Mahesh Kumar Shrestha, ICC Member | Convener | Japan |

# NRNA ACTIVITIES



स्पेनस्थित सरकारी अधिकारीसँग  अध्यक्ष भवन भट्ट ।



गैरआवासीय नेपाली संघ कतारसँग अन्तरक्रियामा
सहभागी हुँदै  अध्यक्ष भवन भट्ट  ।



नेपाल उद्योग वाणिज्य महासंघ को ५२ औं स्थापना दिवस
एवं उद्योग र वाणिज्य दिवसमा अध्यक्ष भवन भट्ट



माननीय परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीसँगको  भेटघाटमा
गैरआवासीय नेपाली संघका पदाधिकारीहरू



प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणको क्रममा  अध्यक्ष भवन भट्ट



ग्लोबल गोर्खा समाज कतारद्धारा सम्मानित हुँदै अध्यक्ष भवन भट्ट



सुशिल कोइराला फाउन्डेशन र शेषकान्त फाउन्डेशनसँग विभिन्न
सामाजिक र आर्थिक क्षेत्रमा संयुक्त काम गर्न दुवै संस्थाका
प्रतिनिधिहरुसँग बेग्ला-बेग्लै कार्यक्रममा साझेदारीपत्रमा हस्ताक्षर



लाप्राकमा स्थानीयसँगको भेटघाट